# नेपाली सेनाका भगुवा उपर गरिने (कारवाही) नियमावली, २०२३

नेपाल राजपत्रमा प्रकाशित मिति

२०२३।३।१३

संशोधन

नेपाली सेनाका भगुवा उपर गरिने (कारवाही) (प्रथम संशोधन) नियमावली, २०२६ २०२७।१।२८

**नेपाली सेनाका व्यक्ति भागेमा निजहरू उपर गरिने कारवाही तोक्न वाञ्छनीय भएकोले सैनिक ऐन, २०१६ को दफा १६५ र त्यस सम्बन्धमा प्राप्त अरू सबै अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ :-**

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम " नेपाली सेनाका भगुवा उपर गरिने (कारवाही) नियमावली, २०२३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **भगुवा उपर गरिने कारवाही**: नेपाली सेनाबाट माल-सामान लिई वा नलिई भागी जाने प्रत्येक व्यक्तिलाई पक्राउ गर्नको लागि सम्बन्धित बाहिनी, फर्मेशन, डिपो, गण, गुल्म, सेनामुख र डिपो ग्रुपले सो भागी जाने व्यक्तिको नाम, थर, वतन खोली आदेश निकाल्नु पर्छ ।

३. **भगुवाको नाम काट्ने र लगत राख्ने**: (१) नियम २ बमोजिम भागी जाने व्यक्तिको सम्बन्धमा भागी गएको ६० दिनपछि सम्बन्धित बाहिनी, फर्मेशन, डिपो, गण, गुल्म, सेनामुख र डिपो ग्रुपले सो व्यहोरा जनाई आदेश दिई लगत कटाउनु पर्छ ।

(२) उप-नियम (१) बमोजिमको कारवाही सकेपछि सम्बन्धित बाहिनी, फर्मेशन, डिपो, गण, गुल्मले भागी जाने व्यक्तिका सम्बन्धमा गरिएको सबै कागजात रेकर्डको लागि क. की. जङ्गी फाँटमा पठाउनु पर्छ । क. की. जङ्गी फाँटले पनि त्यस्तो कागजात प्राप्त भएपछि छुट्टै भगुवा लगत खडा गरी विभिन्न युनिटको क्रमैसित राख्नु पर्छ ।

(३) क. की. जङ्गी फाँटको विभिन्न बाहिनी, फर्मेशन, डिपो, गण, गुल्मबाट प्राप्त भगुवा व्यक्ति उपर कारवाही गरिएको सबै कागजात हेरी भागी जाने व्यक्तिले ३ वर्ष भन्दा

बढी सेवा गरेको भए तीन वर्ष व्यतित भएपछि त्यस्ता व्यक्तिको नाम लगतबाट काटी त्यसको सूचना कण्ट्रोलर अफ डिफेन्स एकाउण्ट स्टोर्स कार्यालयमा पठाउनु पर्छ ।

तर ३ वर्षभन्दा घटी सेवा गरेको रहेछ भने त्यस्ताको लगत आजीवन कायम राख्नु पर्छ ।

४. **भगुवाको सामान र फण्डमा जम्मा भएको रुपैयाँ** : *(१) भागी जाने व्यक्तिले छाडी गएका सामानहरू र रुपैयाँ कोर्ट अफ इन्क्वायरीद्वारा छानबीन गराई सम्बन्धित बाहिनी, फर्मेशन, डिपो, गण, गुल्म, सेनामुख वा डिपो ग्रुपले त्यसको लगत खडा गरी राख्नु पर्छ । निजी लत्ता, कपडा र सामान बाहेक इनिसियल इस्यू गरिएका सामानहरूमध्ये साबूत जति सम्बन्धित बाहिनी, फर्मेशन, डिपो, गण, गुल्म, सेनामुख वा डिपो ग्रुपले आफ्नो स्रेस्तामा आम्दानी बाँधी रीइस्यू गर्ने र अरू बेकम्मा सामानहरूको हकमा नेपाली सेनाका बेकम्बा वा बेचल्तीका सामानहरू हटाउने (व्यवस्था) नियमहरू, २०२२ बमोजिम गरी त्यसको जनाउ क्लोदिङ्ग डिपोमा दिनु पर्छ ।

(२) भगुवा व्यक्ति त्यसरी भागी गएका मितिले ३ महिनासम्म हाजिर हुन नआएमा वा पक्राउ भई नआएमा उप-नियम (१) मा उल्लिखित निजी लुगा कपडा र अरू सामानहरू उप-नियम (३) बमोजिमको बोर्डले लिलाम बिक्री गरी सो लिलाम भई आएको र फण्डमा जम्मा भएको रुपैयाँ समेतको हिसाब चढाई रिकर्ड राख्नु पर्छ ।

(३) उप-नियम (२) बमोजिमको सामानहरू लिलाम बिक्री गर्न सम्बन्धित अधिकृत सहित ३ जवान भएको बोर्ड गठन हुनेछ । सो बोर्डले सम्बन्धित युनिट भित्र लिलाम गर्नेछ ।

५. **सरकारी माल सामानहरूको सोध भर्ना गर्ने तथा झिक्ने** : (१) भागी जाने व्यक्तिले एक्स्ट्रा इस्यूको लुगा कपडा समेत लिई गएको रहेछ भने पुगेसम्म लिलाम भई आएको तथा फण्डमा जम्मा भएको रुपैयाँबाट कटाई र नपुग भएमा तलब भए तलब समेतबाट मोल कट्टा गरी सो व्यहोरा जनाई नेपाल राष्ट्र बैंकमा दाखिल गर्नु पर्दछ, त्यसरी जम्मा भएको रुपैयाँको भाउचर सो व्यक्तिको फाइलमा संलग्न गरी राख्नु पर्छ ।

(२) उप-नियम (१) बमोजिम मोल कट्टा गर्दा पनि नपुग भएमा सो सबै व्यहोरा देहायका पदाधिकारीहरू समक्ष पेश गर्नु पर्छ । निजहरूलाई मिन्हा दिने अधिकार पनि हुनेछ ।

(क) जंगी अड्डाको भए प्रबन्ध रथी, र

(ख) वाहिनी, फर्मेशन, डिपो, गण, गुल्महरूको भए सम्बन्धित वाहिनी पति ।

---

* प्रथम संशोधनद्वारा संशोधित ।